devchulimunicipality@gmail.com

# देवचुली नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

प्रगतिनगर, नवलपरासी (बर्दघाटसुस्ता पूर्व)
गण्डकी प्रदेश, नेपाल
२०७३

देवचुली नगरपालिका नगर कार्यपालिकाको कार्यालय प्रगतिनगर, नवलपरासी (ब.सु.पू.) गण्डकी प्रदेश, नेपाल

### कवाडी निकासी कर संकलनको लागि बोलपत्र आव्हानको सूचना

**प्रथम पटक प्रकाशित मिति:- २०८२/०३/३२**

स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६१ अनुसार देवचुली नगरपालिकाको क्षेत्र भित्र उत्सर्जन भई संकलन भएका कवाडी मालसमान निकासी करको लागि आर्थिक वर्ष ८२।८३ को लागि ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले इच्छुक **(मू.अ.कर दर्ता प्रमाणपत्र, आ.व.२०८१/०८२ सम्मको फर्म नवीकरण, आ.व. २०८०/८१ को आयकर चुक्ता प्रमाण पत्र, स्वघोषणा पत्र)** भएका फर्म/ कम्पनीबाट देहायको समयभित्र https://bolpatra.gov.np/egp मार्फत बोलपत्र प्रक्रियामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। अन्य थप जानकारीको लागि कार्यालय समय भित्र यस नगरपालिकाको कार्यालयमा सम्पर्क राख्न सकिनेछ।

तपसिल

| सि. नं. | सुचना नं / बोलपत्र नं | बोलपत्रको नाम | न्युनतम बोलपत्र रकम (मु .अ . कर बाहेक ) | धरौटी रकम | बोलपत्र दस्तुर |
|---|---|---|---|---|---|
| ०१ | 01IDEVINCBIIRI २०८२।८३ | नगरपालिका क्षेत्र भित्र उत्सर्जन भई निकासी हुने कवाडजन्य सामानको कवाडी निकासी कर संकलन | रु २३,६८,३२३। | बोलकबोल रकमको ५ प्रतिशत | रु ३०००.०० |

**बोलपत्र सम्बन्धी शर्तहरु:**

१) उपरोक्त ठेक्काको लागी रु.३००० (फिर्ता नहुने गरि) रकमको बोलपत्र खरिद गरी यस कार्यालयको दलदले स्थित NIC ASIA बैंकमा रहेको राजश्व खातामा जम्मा गरि गरी ३१औं दिनको १२ बजे भित्र यस कार्यालयमा ई-बोलपत्र https://bolpatra.gov.np/egp मार्फत बुझाउनु पर्नेछ, ३१ औं दिन सम्म प्राप्त बोलपत्रहरु सोही दिन १ बजे बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ, बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि कार्यलय प्रतिनिधिको रोहवरमा बोलपत्र खोल्न बाधा पर्नेछैन। उक्त दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात कार्यालय खुलेको पहिलो दिनको १ बजे बोलपत्र खोलिनेछ।

२) बोलपत्र फारम पेश गर्दा स्व-घोषणा सहित **मू.अ.कर दर्ता प्रमाणपत्र, आ.व.२०८१/०८२ सम्मको फर्म नवीकरण, आ.व. २०८०/८१ को आयकर चुक्ता प्रमाण पत्र, , फारम खरिद गरेको भौचरको स्क्यान प्रति पेश गर्नु पर्नेछ।**

३) बोलपत्र फारम भरी पेश गर्दा आँफूले कबोल गरेको रकम अंक र अक्षरमा प्रष्ट लेखि धरौटी रकम यस कार्यालयको दलदले स्थित NIC ASIA बैंकमा रहेको धरौटी खातामा रकम जम्मा गरेको सक्कल बैंक भौचर वा मान्यता प्राप्त बैंकले यस कार्यालयको नाममा जारी गरेको सोही रकम बराबरको ठेक्का खोल्ने दिन देखि कम्तिमा १२० दिन म्याद भएको बैंक बोलपत्र जमानतपत्र बोलपत्र साथ पेश गर्नु पर्नेछ। कबोल गरेको रकमको अंक र अक्षरमा फरक पर्न गएमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिइनेछ।

बैंक खाता सम्बन्धि जानाकारी

बैंकको नाम:- NIC ASIA दलदले शाखा

कार्यालयको नाम:- देवचुली नगरपलिका कार्यालय, नगरकार्यपालिकाको कार्यालय,

कार्यालयको खाता नं.

०८१।११२

अशोक कोइराला
प्रमुख प्रशासकीय अधिकृत

ग १.१ आन्तरिक राजस्व खाता: ०७७२०५००२९१६५००२( फारम दस्तुरको लागि)

ग ३ स्थानीय तह धरौटी खाता:०७७२०५००२९१६५००७ (धरौटी रकमको लागि )

४) यस पूर्व यस कार्यालयबाट कुनै पनि कार्यको ठेक्का लिई रकम फरफारक नभएको ठेकेदारबाट पेश गरेको बोलपत्रलाई मान्यता दिइने छैन तर बोलपत्र पेश गर्नुभन्दा पहिले फरफारक गरेमा बोलपत्र पेश गर्नमा कुनै बाधा पर्ने छैन।

५) ठेक्का अवधि २०८२ असोज १ देखि लागु भई २०८३ असार मसान्त सम्मको लागी हुनेछ।

६) कवाडी कर संकलन नगरभित्र उत्सर्जन भएका कवाडी जन्य समानहरु तथा कवाडी संकलन स्रोतबाट मात्र गर्न पाईनेछ। कवाडी निकासी कर संकलन राजमार्गमा घाट राखी संकलन गर्न पाईनेछैन। यदि तोकिएको क्षेत्र भन्दा बाहिरको कवाडी कर संकलनको गुनासो वा उजुरी प्राप्त भई प्रमाणित भएमा नगरपालिकाले जुनसुकै बखत ठेक्का तोड्न सक्नेछ। यस वापत ठेकदारले कुनै क्षतिपूर्तीको दाबि गर्न पाईनेछैन।

७) बोलकबोल गरेको (मु.अ.क. र अग्रमि आय कर सहित) सम्पूर्ण रकम दाखिला भएपश्चात मात्र ठेक्का सम्झौता गरिनेछ।

८) ठेक्काबोल कबोल गर्ने ठेकदारले कर संकलन गर्दा प्रयोग गर्ने रसिदहरु ठेकेदारले आफ्नो तर्फबाट छपाई उक्त रसिदहरु यस कार्यालयबाट प्रमाणित गराई प्रयोग गर्नुपर्ने छ। प्रमाणित नगरेको रसिदबाट कर उठाएको पाईएमा नियमानुसार कारबाही गरिने छ। प्रयोग गरिएका रसिदको एक प्रति नगरपालिकामा बुझाउनुपर्ने छ।

९) ठेकेदारले संकलन गर्ने कर शुल्क नगरपालिकाले तोकेको दररेटमा नै हुनुपर्ने छ साथै कर संकलन केन्द्रमा साईन बोर्डमा सम्झौता बमोजिमका दररेट स्पष्ट रुपमा लेखि राख्नु पर्नेछ।

१०) कवाडि कर संकलन गर्दा नगरपालिकाको आर्थिक ऐन २०८२।८३ को अनुसूचि ८ बमोजिम गर्नु पर्नेछ। दररेटको अनुसूचि नगरपालिकाको वेभसाइट www.devchulimun.gov.np मा आर्थिक ऐन २०८२।८३ बाट हेर्न सकिनेछ।

११) प्रचलित कानुन, नगरपलिकाले तोके विपरित कार्यगरेमा कार्यलयलाई ठेक्का तोड्न कुनै बाधा पर्ने छैन। त्यस्ता कार्यबाट सिर्जित सम्पूर्ण दायित्वहरुको क्षतिपुर्ति स्वयम् ठेकेदारको हुनेछ साथै क्षतिपुर्ति सरकारी बाँकी सरह असुलउपर गरिने छ ।

१२) कुनै शर्त राखि पेश गरेको, हुलाकमार्फत पठाएको वा Hard copy मार्फत पेश गरेको र रित नपुगेको बोलपत्र माथि कुनै कारबाही गरिने छैन।

१३) पेश भएका बोलपत्र कारण खुलाई वा नखुलाई स्विकृत गर्ने वा अस्विकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ।

१४) अन्य थप जानकारीको लागि कार्यालय समय भित्र यस नगरपालिकाको कार्यालयमा सम्पर्क राख्न सकिनेछ।

१५) अन्य कुराहरु प्रचलित ऐन कानून तथा कार्यविधि बमोजिम हुनेछ।

**( विड डकुमेन्टमा धरौटी रकमको महलमा जुनसुकै अंक उल्लेख भएतापनि बोलकबोल रकमको ५ प्रतिशत रकम धरौटी वापत जम्मा गर्नुपर्नेछ वा सोहि बराबरको बैंक जमानत पत्र पेश गर्नुपर्नेछ।)**

०८२।५।१२

प्रमुख प्रशासकीय अधिकृत

अशोक कोइराला
प्रमुख प्रशासकीय अधिकृत

देवचुली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
प्रगतिनगर, नवलपरासी (ब.सु.पू.)
गण्डकी प्रदेश, नेपाल